वैठक संख्याः १६        मिति २०८३/०३/३० गतेका निर्णयहरुः

निर्णय नं. १-प्रस्ताव नं.१ अघिल्लो वैठकका निर्णयहरुको समीक्षा सम्वन्धमा छलफल गर्दा मिति २०८३/०३/१९ गतेका निर्णयहरुको वारेमा समीक्षा गरियो।

निर्णय नं. २-प्रस्ताव नं.२ करार कर्मचारीहरुको समायोजन तथा म्याद थप सम्वन्धमा छलफल गर्दा भार्से स्वास्थ्य चौकीमा रिक्त रहेको अ.हे.व. पदमा लुङ्गखोला सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत सृष्टि खसरीलाई सेवा करार गरी सोहिस्थान लुङ्गखोला सामुदायिक स्वास्थ्य ईकाईमा खटाउने तथा जोहाङ्ग स्वास्थ्य चौकीमा रिक्त अ.हे.व. पदमा कुटडाँडा सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत मनिषा सिंजापती लाई सेवा करार गरी सोहिस्थान कुटडाँडा सामुदायिक स्वास्थ्य ईकाईमा खटाउने। वडा नं. २ को कार्यालयका कार्यालय सहयोगि श्री सुर्य वहादुर तरामुले राजिनामा दिई रिक्त भएको कार्यालय सहयोगी पदमा सोही वडामा कार्यरत वडा सहायक श्री कुशुम परियारको निवेदन माग अनुसार समायोजन पदस्थापन हुने गरी करार सम्झौता गर्ने निर्णय गरियो। दरवन्दी बाहेकका पदमा कार्यरत कर्मचारीहरुको करार सम्झौताको म्याद मिति २०८३/०४/०१ गतेदेखि थप नगर्ने तथा मिति २०७५/०५/१२ भन्दा अघि नियुक्ति भई निरन्तर सेवामा रही म्याद थप नहुने कर्मचारीहरुलाई निजले खाईपाई आएको तीन महिनाको पारिश्रमिक वरावरको रकम उपलव्ध गराउने र सो मितिपछि नियुक्ति भई ५ वर्ष वा सो भन्दा वढी अवधि सेवा गरेकाको हकमा निजले खाईपाई आएको २ महिना  वरावरको पारिश्रमिक रकम कर्मचारी अवकाश कोष शीर्षकवाट भूक्तानी दिने गरी उपलव्ध गराउने निर्णय गरियो।

निर्णय नं. ४-प्रस्ताव नं.४ तपसिल अनुसारका कार्यविधि तथा मापदण्ड निर्माणका लागि गाउँ कार्यपालिका कार्यालयलाई स्वीकृति दिने सम्वन्धमा छलफल गर्दा सो कार्यको लागि स्वीकृति दिने निर्णय गरियो।

क)व्यवस्थापन परीक्षण मापदण्ड

ख)lgpas नतिजाको आधारमा दिगो सुधारको समष्टिगत कार्ययोजना

ग)विषय क्षेत्रगत सेवाहरुको सेव प्रक्रियाको मापदण्ड

घ)आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि

ङ)स्थानीय सडक अधिकारक्षेत्र मापदण्ड

च)नक्सापास तथा भवन निर्माण मापदण्ड

छ)जोखिम सम्वेदसिल भूउपयोग योजना

ज) स्थानीय खानेपानी तथा सरसफाई मापदण्ड

झ) गाउंपालिकाभित्रका विद्यालयहरुको स्तरिकरण मापदण्ड

ञ)वाल संरक्षण मापदण्ड

निर्णय नं. ५-प्रस्ताव नं.५- आ.व.२०८३/०८४ को वजेट सम्वन्धमा छलफल गर्दा तपसिल अनुसार वजेट पारित गरी गाउँसभामा पेस गर्ने निर्णय गरियो।

निर्णय नं. ६-प्रस्ताव नं.६- विविध क)अस्थायी प्रहरी चौकी स्थापनाको लागि अनुरोध गर्ने सम्वन्धमा छलफल गर्दा सत्यवती गाउँपालिका वडा नं.१ रुद्रवेणीमा रहेको लुम्पेकी कृषि वहउद्देशीय सहकारी संस्थाले प्रयोग गरेको भवनमा सो सहकारी संस्थासँग समन्वय गरी अस्थायी प्रहरी चौकी सञ्चालन गर्न सहजीकरण गर्ने । सोही स्थान आसपासमा जग्गाधनी श्री विष्णु प्रसाद श्रेष्ठले प्रहरी चौकी भवन निर्माणको लागि निशुल्क उपलव्ध गराउने जग्गा प्राप्ति गर्ने निर्णय

टिकाराम पाण्डे
अध्यक्ष

गरियो साथै रुद्रवेणीमा अस्थायी प्रहरी चौकी र जनशक्ति व्यवस्थापनको लागि जिल्ला सुरक्षा समितिलाई अनुरोध गरी पठाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

विविध ख)२ जना महिला नगर प्रहरीको दरवन्दी सिर्जना गरी पदपूर्ति गर्ने सम्वन्धमा छलफल गर्दा नगर प्रहरीलाई समावेसी गराउनको लागी २ जना महिला नगर प्रहरीको दरवन्दी सिर्जनागरी पदपूर्ति गर्न स्वीकृतिको लागी गाउँसभामा पेस गर्ने निर्णय गरियो।

विविध ग)सत्यवती गाउँपालिकाभित्र रहेका भवन संरचनाहरुको अभिलेखिकरण आर्थिक ऐन, २०८३ अनुसार लाग्ने शुल्क लिई गर्ने निर्णय गरियो।

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

टिकाराम पाण्डे
अध्यक्ष